श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४४।६।२१ को निर्णयानुसार खण्ड ३६ अतिरिक्ताङ्क ४४ (अ) मिति २०४३।१०।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित मोरङ सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगलाई देहायबमोजिम काम, कर्तव्य र अधिकार थप गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय पञ्चायतको बत्तीसौं अधिवेशनमा "तराई क्षेत्रमा वन कटानी गरी पुनर्वासको व्यवस्था गर्ने प्रथा रोकिनेछ" भन्ने सम्बोधन बक्स भए अनुसार नीतिगत रूपमा वनक्षेत्रको जग्गा बसोवास गराउन दिन नमिल्ने, तर समस्या समाधान गर्नको लागि आयोगका अध्यक्षज्यूबाट २,३८० विगहा जग्गा थप माग भएको । वन मन्त्रालयबाट खटी गएका टोलीका सुझावमा सट्टाभर्ना जग्गा दिंदा नपुग हुन आएमा आयोगबाट मुआब्जाको रकम निर्धारण गरी मुआब्जा दिन उचित हुने भन्ने उल्लेख भएकोले मुआब्जा दिने व्यवस्था मिलाउने ।

२. मुआब्जाको सट्टा आयोगले जग्गा दिने ठहऱ्याएमा राजमार्ग दक्षिण, डाँसखोला पश्चिम, सट्टाभर्ना दिएका क्षेत्रदेखि उत्तर, चिसाङखोला पूर्वको वनक्षेत्रबाट वनसिमाना सोझो पारी दक्षिणतर्फबाट आयोगले माग गरेको नपुग जग्गा वन विभागले छुट्याई हस्तान्तरण गरी दिने। सो जग्गामा चुलाचुली समेत अन्य क्षेत्रका सट्टाभर्ना दिन बाँकी परिवारहरूलाई बसाउने।

३. श्री ५ बाट बक्स भएको निर्देशन अनुरूप इलाम चुलाचुली क्षेत्रका परिवारलाई जग्गा सट्टाभर्ना दिई व्यवस्थित बसोवास गराउन पर्ने हुँदा इलाम जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगसंग सम्पर्क राखी चुलाचुली क्षेत्रका बसोवास गराउन बाँकी रहेको परिवारहरूलाई केचनाक्षेत्रमा समेत छुट्याइएको जग्गामध्ये बाँकी भएको १,६५८ विगहा र रमाइलो विहीवारेको ३०० विगहा जग्गामा प्राथमिकता दिई बसोवास गराउने ।

४. सुन्सरी जिल्लाका कोशी नदी कटानबाट सुरक्षितका लागि अस्थायी रूपमा धरान र महेन्द्रनगरको वनक्षेत्रमा बस्न दिएका परिवारहरूमध्ये घडेरीका लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६४